**योजना छनौटका मार्गदर्शनहरु**

- नगरपालिकाबाट पठाइएको बजेटको परिधिभित्रमा रहेर योजना छनौट गर्नुपर्नेछ ।
- विषयगत (शिक्षा, स्वास्थ्य, सडक, कृषि तथा पशु, खानेपानी तथा सरसफाई, युवा तथा खेलकुद, वन तथा वातावरण, पर्यटन, घरेलु तथा साना उधोग, सूचना तथा संचार, खाद्य तथा पोषण, संस्कृति, भूगोल, विधुत तथा वैकल्पिक उर्जा, विपद व्यवस्थापन तथा भूसंरक्षण, साहित्य तथा कला आदि) रुपमा योजनाहरु छनौट गर्नुपर्नेछ ।
- भौतिक संरचना र प्रवर्दनात्मक योजनाहरुलाई सन्तुलनमा राखेर योजना छनौट गर्नुपर्नेछ ।
- सर्वसाधारण जनतालाई तत्काल प्रत्यक्ष फाइदा पुग्ने, रोजगार प्रवर्द्धन हुने, आयमूलक कार्यक्रमहरु समावेश भएका योजना छनौट गर्नुपर्नेछ ।
- नगरपालिकास्तरीय र वडास्तरीय योजनाहरु छुट्याएर योजना छनौट गर्नुपर्नेछ ।
- आर्थिक विकास र गरिवि निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउन योजना छनौट गर्नुपर्नेछ ।
- उत्पादन मुलक र छिटो प्रतिफल दिने (ठुलो आयोजनाहरुको हकमा वढीमा ३ वर्ष भित्र सम्पन्न हुने ) योजना छनौट गर्नुपर्नेछ ।
- स्थानीय श्रोत, साधन, सीप र क्षमताको पररिचालनबाट सम्पन्न हुने योजना छनौट गर्नुपर्नेछ ।
- टुक्रे योजनाहरुलाई कम प्राथमिकतामा राखेर योजना छनौट गर्नुपर्नेछ ।
- व्यक्ति विशेषका याजनाहरुलाई कम प्राथमिकतामा राखेर योजना छनौट गर्नुपर्नेछ ।
- राजस्व परिचालन तथा संकलनमा प्रत्यक्ष योगदान पुऱ्याउने योजना छनौट गर्नुपर्नेछ ।
- स्थानीय भाषा, संस्कृति तथा धार्मिक क्षेत्रको संरक्षण तथा प्रवर्दन गर्ने किसिमको योजना छनौट गर्नुपर्नेछ ।
- पुराना तथा अपुरो योजनालाई पुरा गर्ने किसिमको योजना छनौट गर्नुपर्नेछ ।
- बहुक्षेत्र तथा विषयलाई सबोंधन हुने किसिमको योजना छनौट गर्नुपर्नेछ ।
- सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने योजना छनौट गर्नुपर्नेछ ।
- लैंगिक समानता तथा सामाजिक समावेसिकरणको अभिवृद्धी हुन योजना छनौट गर्नुपर्नेछे ।
- लक्ष्यित वर्गहरुलाई बढी भन्दा बढी प्राथमिकतामा राखेर योजना छनौट गर्नुपर्नेछ ।
- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने योजना छनौट गर्नुपर्नेछ ।
- समुदायलाई विपद तथा जलवायू परिवर्तन उत्थानशिल बनाउने योजना छनौट गर्नुपर्नेछ ।
- स्थान विशेषको संस्कृती र पहिचान प्रवर्द्धन तथा संरक्षण गर्ने योजना छनौट गर्नुपर्नेछ ।
- योजना छनौट प्रक्रियामा सबै सरोकारवाला समूहहरुको सक्रिय सहभागिता रहनुपर्नेछ ।